घरपभ्फोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

घरपभ्फोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको ४८औं बैठकको निर्णयहरु

मिति २०८२।०३।३०

**प्रस्ताव नं. १ :-**

अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा ।

**निर्णय नं. १ :-**

गाउँ कार्यपालिकाको मिति २०८२।३।२३ गते बसेको ४७औं बैठकमा १३ वटा निर्णयहरु भएका थिए । गाउँसभाको दोश्रो बैठको मिति तोकिएको र अन्य विभिन्न निर्णयहरुमा यस घरपभ्फोङ गाउँपालिकालाई सडक बालबालिका मुक्त गाउँपालिका घोषणा गरिएको थियो भने अन्य तुरुन्तै कार्यान्वयन गर्नु पर्ने निर्णयहरुको प्रगति समिक्षा गर्दा निर्णयहरु कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाईयो ।

**प्रस्ताव नं. २ :-**

मार्फा छैरो जाने बेलीबृज निर्माण योजना र खालाधुङ ढुङ्गेघर संरक्षण तथा पर्यटकीय स्थलको रुपमा विकास गर्ने कार्यक्रम सम्बन्धमा ।

**निर्णय नं. २ :-**

चालु आ.ब. को स्वीकृत योजनाहरु मध्ये १) मार्फा छैरो जाने बेलीबृज निर्माण योजना, घरपभ्फोङ-१ को काम निरन्तर रुपमा भई रहेको तर प्राविधिक समस्याका कारण योजनाको निर्माण कार्य सम्पन्न हुन केही समय लाग्ने देखिएको हुँदा प्राविधिकको सिफारिस बमोजिम उक्त योजनाको म्याद मिति २०८२ साल भाद्र ५ गते सम्म नियमानुसार थप गर्ने र २) खालाधुङ ढुङ्गे घर संरक्षण तथा पर्यटकीय स्थलको रुपमा विकास गर्ने योजना, घरपभ्फोङ-४ निर्माण कार्य ढिलो शुरु हुन गएको हुँदा उक्त योजनाको म्याद मिति २०८२ साल भाद्र मसान्त सम्म थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ३ :-**

सेवा करारका कर्मचारीहरुको म्याद थप गर्ने सम्बन्धमा ।

**निर्णय नं. ३ :-**

यस घरपभ्फोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयहरु :- ५ वटा वडा कार्यालयहरु र ४ वटा स्वास्थ्य संस्थाहरुमा र विभिन्न योजना परियोजना अन्तर्गत कार्यरत तपसिल बमोजिमका कर्मचारीहरुको करार म्याद आगामी २०८२ साल पौष मसान्त सम्म थप गर्ने सर्वसम्मत निर्णय गरियो । साथै स्थायी दरबन्दीमा करारमा कार्यरत कर्मचारीको हकमा लोकसेवा आयोगबाट स्थायी पदपुर्तिको लागि सिफारिस भई आएमा करार सम्झौता स्वतः रद्ध हुनेछ ।

**तपसिल :-**

| क्र.सं. | कर्मचारीको नाम, थर | पद/तह | कैफियत |
|---|---|---|---|
| १ | चक्र बहादुर बम | ईन्जिनियर, सातौं | |
| २ | सुजिता थकाली | सू.प्र.अ. छैटौं | |
| ३ | रोशन थकाली | कृ.वि.अ. छैटौं | |
| ४ | अमित कुमार मण्डल | सव-ईन्जिनियर, पाँचौं | |
| ५ | सन्देश थकाली | प्राविधिक सहायक, पाँचौं | |
| ६ | सुस्मिता नेपाली | रोजगार सहायक, पाँचौं | |

निर्णय प्रमाणित

| | | | |
|---|---|---|---|
| ७ | सर्मिला श्रीस | रोजगार संयोजक, पाँचौं | |
| ८ | नेहा थकाली | हे.अ. (पाँचौं) | |
| ९ | एलिना थकाली | स्टाफ नर्स (पाँचौं) | |
| १० | सुनिता पुन | अ.न.मी. (चौथों) | |
| ११ | प्रदिप थकाली | ल्याब असिस्टेन्ट (चौथो) | |
| १२ | च्याङ बहादुर थकाली | अ.हे.ब. (चौथो) | |
| १३ | विनिता परियार | अ.हे.ब. (चौथों) | |
| १४ | कुन्साङ ल्हामो थकाली | अ.न.मी. (चौथो) | |
| १५ | सिर्जना वि.क. | अ.हे.ब (चौथों) | |
| १६ | आसमाया (परियार खाती) नेपाली | अ.न.मी. (चौथो) | |
| १७ | सुरेश परियार | ह.स.चा. | |
| १८ | सुसिल नेपाली | ह.स.चा. | |
| १९ | पुजन नेपाली | नगर प्रहरी हवल्दार | |
| २० | साजन वि.क. | नगर प्रहरी जवान | |
| २१ | रोशनी वि.क. | नगर प्रहरी जवान | |
| २२ | प्रमी नेपाली | ना.प.से.प्रा. | |
| २३ | दीपीका चकिठिन थकाली | सूचना तथा परामर्शकर्ता, पाँचौं | |
| २४ | सीमा चौधरी | मनोसामाजिक परामर्शकर्ता | |
| २५ | सविना थकाली | सहायक चौथो | |
| २६ | नविन्द्र थकाली | फिल्ड सहायक, चौथो | |
| २७ | कल्पना वि.क. | कार्यालय सहयोगी | |
| २८ | शर्मिला पुन थकाली | कार्यालय सहयोगी | |
| २९ | आइत कुमारी थकाली | कार्यालय सहयोगी | |
| ३० | रेखा थकाली | कार्यालय सहयोगी | |
| ३१ | सुनिल परियार | कार्यालय सहयोगी | |
| ३२ | बिन्दु परियार | कार्यालय सहयोगी | |
| ३३ | माया नेपाली | कार्यालय सहयोगी | |
| ३४ | धनमाया परियार | कार्यालय सहयोगी | |

साथै चालु आ.ब.मा संघीय सशर्त बजेटबाट पारिश्रमिक तथा सेवा सुविधा पाउने कर्मचारीहरुको हकमा आगामी आ.ब. २०८२।८३ मा सोही बजेटको शर्त बमोजिम हुने र गाउँपालिकाको कोषबाट पारिश्रमिक तथा सेवा सुविधा पाउनेको हकमा गाउँपालिकाको प्रचलित नियमानुसार हुनेगरी पारिश्रमिक तथा सेवा सुविधा प्रदान गर्ने समेत सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ४ :-**

संशोधित विनियोजन विधेयक सभामा पेश गर्ने सम्बन्धमा ।

**निर्णय नं. ४ :-**

यस गाउँपालिकाको गाउँसभाको १६औं अधिवेशनको पहिलो बैठकमा छलफलका लागि पेश भएको विनियोजन विधेयक, २०८२ मा केही संशोधन भएकोले संशोधन सहितको विनियोजन विधेयक, २०८२ गाउँसभाको दोश्रो बैठकमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित

घरपभ्रोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

**प्रस्ताव नं. ५ :-**

कर्मचारीहरुको तलबी प्रतिवेदन सभामा छलफल तथा स्वीकृतिको लागि पेश गर्ने सम्बन्धमा ।

**निर्णय नं. ५ :-**

यस घरपभ्रोङ गाउँपालिकामा कार्यरत कर्मचारीहरुको आगामी आर्थिक बर्ष २०८२।८३ को तलबी प्रतिवेदन छलफल तथा स्वीकृतिको लागि गाउँसभाको दोश्रो बैठकमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ६ :-**

चालु आ.ब.मा गाउँ कार्यपालिका द्वारा भए गरेका निर्णयहरु तथा सोही बमोजिम भएको खर्च अनुमोदनका लागि गाउँसभामा पेश गर्ने सम्बन्धमा ।

**निर्णय नं. ६ :-**

चालु आर्थिक बर्ष २०८१।८२ मा योजना तथा कार्यक्रम तोकी बजेट विनियोजन नभएको तर कार्यपालिकाले अत्यावश्यक देखि सम्बन्धित बजेट शिर्षकबाट निर्णय भई कार्यान्वयन भएका योजना तथा कार्यक्रमहरुमा खर्च भएको रकम अनुमोदनका लागि आगामी गाउँसभाको दोश्रो बैठकमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ७ :-**

स्याङ आधारभुत स्वास्थ्य सेवा केन्द्रमा हेल्थ असिस्टेन्ट व्यवस्थापन सम्बन्धमा ।

**निर्णय नं. ७ :-**

यस गाउँपालिका ३ नं. वडा स्याङमा रहेको आधारभुत स्वास्थ्य सेवा केन्द्रमा एक जना हेल्थ असिस्टेन्ट, पाँचौं तह सरहको स्थानीय दरबन्दी रिक्त रहेकोले करार पदपुर्तिको प्रक्रिया अघी बढाउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ८ :-**

विभिन्न पत्रहरुको सम्बन्धमा ।

**निर्णय नं. ८ :-**

गाउँपालिकालाई प्राप्त भएको पत्रहरु : पुथाङ एयरपोर्ट गाउँ समाजको च.नं.१८८ मिति २०८२।३।२२, नागरिक आरोग्य सेवा केन्द्र, स्याङको मिति २०८२।३।२९ गतेको पत्र र सामाजिक सुरक्षा कोषको च.नं.३०९ मिति २०८२।३।१६ को पत्रहरु यस बैठकमा पेश भई पत्रको व्यहोरा जानकारी भयो । पत्रमा उल्लेख भए अनुसार कार्यान्वयन गर्नु पर्ने विषयहरु आगामी दिनहरुमा आवश्यकता अनुसार कार्यान्वयन गर्दै जाने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ९ :-**

गाउँसभाको १६औं अधिवेशनको दोश्रो बैठकको कार्यसूची सम्बन्धमा ।

**निर्णय नं. ९ :-**

यस गाउँपालिकाको गाउँसभाको १६औं अधिवेशनको दोश्रो बैठक तपसिल बमोजिमको कार्यसूची बमोजिम सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित

घरपफोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

तपसिल :-

**गाउँसभाको १६औं अधिबेशनको दोश्रो बैठकको कार्यसूची**

मितिः २०८२।३।३१ गते, मगलवार

| क्र.सं. | समय | कार्यसूची | प्रस्तुतकर्ता |
|---|---|---|---|
| १. | दिनको १२:३० | अध्यक्षले गाउँ सभाको १६ औं अधिवेशनको दोश्रो बैठक आह्वान गरेको पत्रको व्यहोरा सभामा वाचन गरेर जानकारी गराउने | सभाध्यक्ष श्री मोहनसिंह लालचन |
| २. | दिनको १२:४५ | विभिन्न समितिका प्रतिवेदन प्रस्तुत गर्ने | |
| | | सुशासन तथा संस्थागत विकास समितिको प्रतिवेदन | संयोजक श्री याम प्रसाद थकाली |
| | | न्यायिक समितिको प्रतिवेदन | उपाध्यक्ष एवं संयोजक श्री जमुना थापा मगर |
| | | अनुगमन समितिको प्रतिवेदन | उपाध्यक्ष एवं संयोजक श्री जमुना थापा मगर |
| | | आर्थिक विकास समितको प्रतिवेदन | संयोजक श्री फलेन्द्र प्रसाद थकाली |
| | | पूर्वाधार विकास समितिको प्रतिवेदन | संयोजक श्री मन बहादुर हिराचन |
| | | सामाजिक विकास समितिको प्रतिवेदन | संयोजक श्री आस बहादुर थकाली |
| | | वातावरण तथा विपद् व्यवस्थापन समितिको प्रतिवेदन | संयोजक श्री प्रदिप थकाली |
| ३. | दिनको ०१:३० | आर्थिक बर्ष २०८२।८३ को आर्थिक विधेयक माथिको छलफल तथा स्वीकृति प्रस्ताव | उपाध्यक्ष श्री जमुना थापा मगर |
| ४. | दिनको ०१:४५ | आर्थिक बर्ष २०८२।८३ को संशोधित विनियोजन विधेयक पेश तथा छलफल र स्वीकृति प्रस्ताव | उपाध्यक्ष श्री जमुना थापा मगर |
| ५. | दिनको ०२:०० | कर्मचारी तलबी प्रतिवेदन सभामा पेश, छलफल तथा स्वीकृति प्रस्ताव | सुशासन तथा संस्थागत विकास समितिका सयोजक श्री याम प्रसाद थकाली |
| ६. | दिनको ०२:१५ | चालु आ.ब.मा कार्यपालिकाको निर्णय बमोजिम भएको खर्च अनुमोदन सम्बन्धी प्रस्ताव | उपाध्यक्ष श्री जमुना थापा मगर |
| ७. | दिनको ०२:३० | दोश्रो आवधिक योजनाको स्वीकृतिको प्रस्ताव | सभाध्यक्ष श्री मोहनसिंह लालचन |
| ८. | दिनको ०२:४० | गुरु पद्मसंभव मार्ग नामाकरण सम्बन्धी प्रस्ताव | सभाध्यक्ष श्री मोहनसिंह लालचन |
| ९. | दिनको ०२:५० | सम्मान कार्यक्रम | सभाध्यक्ष श्री मोहनसिंह लालचन |
| १०. | दिनको ०३:०० | अधिवेशन समापन | सभाध्यक्ष श्री मोहनसिंह लालचन |

निर्णय प्रमाणित ।
०८२।०३।३०